बैठक नं०-२४

बैठक संख्याः

आजमिति २०७६ साल चैत्र ०६ गते बिहीबारका दिन घ्याङलेख गाउँपालिका, कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्न अनुसारको उपस्थितिमा निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी माया वाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | यम |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमाली माया वि.क. | सदस्य | हिमाली |
| १२ | श्री गंगा माया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | सुन |
| १४ | श्री राम कुमार कार्की | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

**अन्यउपस्थिति :**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | दीपेश न्यौपाने | ईन्जिनियर | |
| २ | किशोर वाइवा | सूचना प्रविधि अधिकृत | |
| ३ | भरतजंग थापा | सहायक पाँचौं | |
| ४ | रुद्र प्रसाद दहाल | लेखापाल | |
| ५ | सुदिप थापा | कम्प्यूटर अपरेटर | |

निर्णयहरु :

**निर्णय नं. १** - विश्वव्यापी रुपमा फैली रहेको कोरोना भाईरस (COVID-19) को संभावित जोखिम राष्ट्र नेपाल रहेको र नेपाल सरकारबाट संभावित जोखिमबाट बाँच्न उच्च सतर्कता अपनाउने, २५ जना भन्दा बढी सार्वजनिक स्थलमा जम्मा भई बैठक, सभा, सम्मेलन र कार्यक्रम नगर्ने जस्ता कार्यक्रम संचालन गर्ने निर्णय भएकोले यहि मिति २०७६।१२।११ र १२ गते गाउँपालिकाबाट संचालन गर्ने भनी निर्णय भएको उपभोक्ता समितिको अभिमुखिकरण कार्यक्रम अर्को सूचना प्रकाशित नभए सम्मका लागि स्थगित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** - नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाण्डौको मिति २०७६।१२।५ को सूचना अनुसार माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री इश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६।१२।५ गते बसेको बैठकले २०७६ चैत्र ६ गते देखि संचालन हुन गई रहेको Secondary Education Examination (SEE) , हाल संचालनमा रहेका, आगामी दिनमा हुने गरी निर्धारण गरिएका सि.टि.ई.भि.टि. तथा विश्व विद्यालय तहका सम्पूर्ण परीक्षाहरु अर्को सूचना नभए सम्मका लागि स्थगित गर्ने लगायत ३ वटा निर्णय भई आज मिति २०७६।१२।६ गते देखि यस गाउँपालिकाको हायुटार स्थित मा.बि. हायुटारमा संचालन हुने SEE मा सम्मिलित हुने परीक्षार्थीहरुलाई दोहोरो आवत जावत गर्नु परी कठिनाई भएकोले नेपाल सरकारको निर्णय बमोजिम अर्को मिति तोकि संचालन हुने SEE परीक्षामा सहभागी हुने परीक्षार्थीको (४ वटा मा.वि.) का परीक्षार्थीको विद्यालय देखि परीक्षास्थल सम्म र परीक्षास्थलबाट विद्यालय सम्म आते जाते बापत लाग्ने गाडी भाडा बढिमा १ लाख भित्र रहने गरी गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** - विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संभावित जोखिमबाट बच्ने उपायको रुपमा नियमित रुपमा साबुन पानीले मिची-मिची हात धुने उपाय पनि एक रहेकाले गाउँपालिका भित्र नागरिकहरुलाई नमुनाको रुपमा साबुन पानीले हात धुने बानीको विकास गर्ने अनुमानित ३००० हात धुने साबुन उपयुक्त बजेट शीर्षकबाट गाउँपालिकाले खरिद गरी गाउँपालिका भित्र रहेका महिला स्वास्थ्य स्वयंसेबीका मार्फत वडा समितिको निगरानि र रेखदेखमा प्रत्येक घरधुरीलाई १/१ वटा साबुन वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** - जिल्ला लघु उद्यमी समूह संघ, सिन्धुलीको सहयोगमा तयार भएको आर्थिक संबृद्धिका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** - यस गाउँपालिकाबाट संचालन हुने विकास निर्माणका योजनाहरुको अनुगमन गर्न तपशील बमोजिमको "योजना अनुगमन समिति" गठन गर्ने निर्णय गरियो ।

**तपशील:**

संयोजक - दुर्गादेवी सुनुवार (उपाध्यक्ष)
सदस्य - राम कुमार कार्की (प्र.प्र.अ.)
सदस्य - सम्बन्धित वडाका वडा अध्यक्ष
सदस्य - कार्यपालिका सदस्य (जेसुन्दरीमाया वाइबा र यम कुमारी दमाई)
सदस्य - योजना शाखा प्रमुख
सदस्य - ई. दिपेश न्यौपाने.

आमन्त्रित

गा.पा. अध्यक्ष श्री जगत वहादुर भोलन

जगत बहादुर भोलन
अध्यक्ष

निर्णय नं. ६ - यस गाउँपालिकाको दरभाउपत्र/बोलपत्र मूल्यांकन समिति तपशील बमोजिम गठन गर्ने निर्णय गरियो ।

**तपशील:**

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| २ | सदस्य | प्रशासन शाखा |
| ३ | सदस्य | आ.प्र.शाखा |
| ४ | सदस्य | कानून शाखा |
| ५ | सदस्य सचिव | पूर्वाधार विकास शाखा प्रमुख |
| | **आमन्त्रित** | |
| अध्यक्ष | उपाध्यक्ष | योजना शाखा प्रमुख |

**निर्णय नं. ७** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रको राष्ट्रपति सुधार कार्यक्रम गर्न ईच्छुक सार्वजनिक विद्यालयहरुलाई परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार तपशिलका विद्यालयहरुले तपसिलको प्राथमिकताका क्षेत्रहरुमा प्रस्ताप पेश गरेकोले शिक्षा विकास तथा समन्वय ईकाइ, सिन्धुलीलाई मिति २०७६।१२।१० गते भित्र उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल:**

| क्र.सं. | विद्यालयको नाम | योजनाको नाम र अनुमानित लागत |
|---|---|---|
| १ | नेत्रकाली मा.वि. तामाजोर घ्याङलेख-३, सिन्धुली | मा.वि. तहमा विज्ञान र अंग्रेजी विषयको शिक्षक व्यवस्थापन रु.९८७७४०।- |
| २ | मा.वि. मरिण हायुटार घ्याङलेख-२, सिन्धुली | मा.वि. तहमा विज्ञान र अंग्रेजी विषयको शिक्षक व्यवस्थापन रु.९८७७४०।- |
| ३ | नेत्रकाली मा.वि. आंपडाँडा, रामपुर | विज्ञान प्रयोगशाला स्थापना तथा संचालन रु. २५,००,०००।- |
| ४ | माध्यमिक विद्यालय, अमले | विद्यालय आवासिय भौतिक पूर्वाधार निर्माणको डि पि आर बनाउने रु. २५,००,०००।- |

**निर्णय नं. ८** - घ्याङलेख गाउँपालिका अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७६ को दफा ६ को सम्बन्धिको सदस्यमा महिला सदस्य मध्येबाट यम कुमारी दमाई, अपाङ्गता भएका व्यक्तिबाट लक्ष्मी जर्गा मगर र अपाङ्गता भएका व्यक्तिको हकहित र संरक्षणको क्षेत्रमा कार्यरत संघ संस्थाको तर्फबाट प्रतिनिधि जिल्ला अपाङ्ग संघसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** : सशर्त तर्फ विनियोजन भएको विद्यालय भौतक पूर्वाधार निर्माण अनुदान तर्फ विनियोजन भएको १४ लाखबाट प्रा.वि. रातु चैनपुर र प्रा.वि. बुधुमचुलीलाई शौचालय निर्माणको लागि ल.ई. बमोजिम प्रति विद्यालय रु. ७ लाखका दरले अनुदान सम्झौता गरी अनुदान दिने निर्णय गरियो ।